नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१
चलानी नं.:- २६६

मितिः- २०८१/०३/१३
ने.सं. ११४४ तछलागा ६

श्री स्थानीय तह (सवै)

बिषयः समन्वय सम्वन्धमा ।

प्रस्तुत बिषयमा गृह मन्त्रालय, योजना अनुगमन तथा मूल्याङ्कन शाखाको प.सं.०८०/८१, च.नं. ५०५, मिति २०८१/०३/११ को पत्र यसैसाथ संलग्न गरी आवश्यक कार्यन्वयनको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

**बोधार्थ**

श्री गृह मन्त्रालय,योजना अनुगमन तथा मूल्याङ्कन शाखा
श्री सूचना तथा प्रविधि शाखा (मन्त्रालयको वेवसाईटमा अपलोड गरिदिनुहुन)

नेपाल सरकार

# गृह मन्त्रालय

(योजना, अनुगमन तथा मूल्याङ्कन शाखा)

पत्र संख्याः- योजना-०८०/८१

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ७०५

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०८१।०३।११

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

**विषयः समन्वय सम्बन्धमा।**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ र राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम राष्ट्रिय परिचयपत्रको लागि नागरिकहरूको वैयक्तिक तथा जैविक विवरण सङ्कलन गर्ने कार्य भई रहेको विदितै छ।

नेपाल सरकारको नीति तथा कार्यक्रमअनुसार सबै प्रकारका सार्वजनिक सेवा प्राप्तिको लागि मुख्य आधार तथा व्यक्तिको पहिचानको रुपमा राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गर्दै जाने लक्ष्य अनुरुप नेपाली नागरिकताको प्रमाणपत्रको अलावा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरेर समेत नागरिकले सेवा लिन सक्ने व्यवस्था गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ र १० बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।०२।२४ को निर्णयबाट नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी त्यस्तो सेवा सुविधा प्राप्त गर्न सकिने तथा यसैसाथ संलग्न मिति २०८१।०३।१० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनामा उल्लेखित सेवाहरू उल्लिखित जिल्लाहरूमा उल्लिखित मितिबाट लागु हुने गरी नेपाली नागरिकको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरी सो को आधारमा सेवा प्रदान गर्ने व्यवस्था गर्ने निर्णय भएको छ।

यसर्थ उल्लेखित व्यवस्था कार्यान्वयनको लागि राष्ट्रिय परिचयपत्र सम्बन्धी विवरण संकलन तथा परिचयपत्र वितरण कार्यलाई उच्च प्राथमिकतामा राखि कार्य सम्पादन हुने व्यवस्थाको लागि सबै स्थानीय तहहरूमा पत्राचार गरी सहयोग, समन्वय तथा सहजीकरण गरिदिनुहुनको लागि यस मन्त्रालय (नि. सचिवस्तर) को मिति २०८१।०३।११ निर्णयानुसार अनुरोध छ।

२०८१।०३।११

(संजिब नेपाल)
शाखा अधिकृत

<u>बोधार्थ एवं कार्यार्थः</u>

श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग,
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार

# गृह मन्त्रालय

(योजना, अनुगमन तथा मूल्याङ्कन शाखा)

पत्र संख्या:- योजना-०८०/८१
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ७०४

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मिति २०८१।०३।११

श्री जिल्ला प्रशासन कार्यालय (सबै)।

**विषयः समन्वय सम्बन्धमा।**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ र राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम राष्ट्रिय परिचयपत्रको लागि नागरिकहरूको वैयक्तिक तथा जैविक विवरण सङ्कलन गर्ने कार्य भई रहेको विदितै छ।

नेपाल सरकारको नीति तथा कार्यक्रमअनुसार सबै प्रकारका सार्वजनिक सेवा प्रासिको लागि मुख्य आधार तथा व्यक्तिको पहिचानको रुपमा राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गर्दै जाने लक्ष्य अनुरुप नेपाली नागरिकताको प्रमाणपत्रको अलावा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरेर समेत नागरिकले सेवा लिन सक्ने व्यवस्था गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ र १० बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।०२।२४ को निर्णयबाट नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी त्यस्तो सेवा सुविधा प्राप्त गर्न सकिने तथा यसैसाथ संलग्न मिति २०८१।०३।१० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनामा उल्लेखित सेवाहरू उल्लिखित जिल्लाहरूमा उल्लिखित मितिबाट लागु हुने गरी नेपाली नागरिकको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरी सो को आधारमा सेवा प्रदान गर्ने व्यवस्था गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

यसर्थ उल्लेखित व्यवस्था कार्यान्वयनको लागि राष्ट्रिय परिचयपत्र सम्बन्धी विवरण संकलन तथा परिचयपत्र वितरण कार्यलाई उच्च प्राथमिकतामा राखि आवश्यकता अनुसार प्रदेश सरकार र स्थानीय तहसंग समन्वय गरी कार्य सम्पादन हुने व्यवस्था गर्नुगराउनुहुन यस मन्त्रालय (नि. सचिवस्तर) को मिति २०८१।०३।११ को निर्णयानुसार अनुरोध छ।

२०८१।०३।११

(संजिब नेपाल)
शाखा अधिकृत

<u>बोधार्थ एवं कार्यार्थ:</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरबार, काठमाडौं।

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, असार १० गते, २०८१ साल (संख्या १५

## भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३ र १० को प्रयोजनका लागि राष्ट्रिय परिचयपत्रको प्रयोग सम्बन्धमा देहायका निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) नेपाल सरकारको स्वामित्वमा रहेका निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रवाह गरिने सार्वजनिक सेवा सुविधा प्राप्त गर्न वा माग गर्न पेस गर्नुपर्ने नेपाली नागरिकता प्रमाणपत्रको सट्टामा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर पेस गरी त्यस्तो सेवा सुविधा प्राप्त गर्न,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) नेपाली नागरिकले देहायको सेवा प्रदान गर्न देहायको स्थान देहायको मिति देखि राष्ट्रिय परिचयपत्र अनिवार्य गरी सोको आधारमा सेवा प्रदान गर्ने:-

| सेवा | लागु हुने स्थान | लागु हुने मिति | कैफियत |
|---|---|---|---|
| (क) सामाजिक सुरक्षा सम्बन्धी (ख) स्वास्थ्य बीमा सम्बन्धी (ग) निवृत्तिभरण सम्बन्धी | झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर रौतहट, बारा, पर्सा, चितवन, कास्की, तनहुँ, रूपन्देही, कपिलवस्तु, दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर (२८ जिल्लाहरू) | २०८१/४/१ | बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, अशक्त, असहाय वा नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्र नभए तापनि सेवा लिन बाधा पर्ने छैन |
| | ताप्लेजुङ, पाँचथर, इलाम, सङ्खुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, खोटाङ, ओखलढुङ्गा, दोलखा, रामेछाप, धादिङ, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, गोरखा, लमजुङ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), स्याङ्जा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), गुल्मी, पाल्पा, अर्घाखाँची, म्याग्दी, बागलुङ, पर्वत, रूकुम (पूर्वी भाग), रोल्पा, प्युठान, सल्यान, रूकुम (पश्चिम भाग), जाजरकोट, दैलख, जुम्ला, अछाम, डोटी, डडेल्धुरा, बैतडी (३८ जिल्लाहरू) | २०८१/१०/१ | |
| | सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, कालिकोट, मुगु, हुम्ला, डोल्पा, बझाङ, बाजुरा, | २०८२/४/१ | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | दार्चुला (११ जिल्लाहरू) | | |
| (घ) राजस्व सम्बन्धी (व्यक्तिगत आयकर दर्ता)<br>(ङ) सवारी चालक अनुमतिपत्र सम्बन्धी<br>(च) कम्पनी दर्ता तथा नवीकरण सम्बन्धी | नेपालभर | २०८१/४/१ | |
| (छ) बैङ्किङ तथा वित्तीय सेवा सम्बन्धी<br>(ज) टेलिफोन तथा सिमकार्ड सम्बन्धी<br>(झ) सामाजिक सुरक्षा कोष सम्बन्धी<br>(ञ) घर जग्गा किनबेच सम्बन्धी | | २०८१/१०/१ | |

**आज्ञाले,**

**झक्क प्रसाद आचार्य**

**नेपाल सरकारको नि. सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।–
गो.द्वा.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।